१६. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले नियम बनाउन सक्नेछ ।

१७. विनियम बनाउने अधिकारः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही परिषद्ले आफ्नो आन्तरिक काम कारवाहीहरू व्यवस्थित गर्नको निमित्त विनियम बनाउन सक्नेछ ।

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४६ सालको ऐन नं. २२

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
763

## दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई संशोधन गर्न बनेको ऐन

प्रस्तावना: दैवी प्रकोप (उद्धार) ऐन, २०३९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "दैवी प्रकोप (उद्धार) (पहिलो संशोधन) ऐन, २०४६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. दैवी प्रकोप (उद्धार) ऐन, २०३९ को दफा २ मा संशोधनः दैवी प्रकोप (उद्धार) ऐन, २०३९ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को,–

(१) खण्ड (क) को अन्त्यमा "र सो शब्दले औद्योगिक दुर्घटना, विस्फोटक वा विषाक्त पदार्थद्वारा हुने दुर्घटना तथा यस्तै अन्य कुनै पनि प्रकारको प्रकोपलाई समेत जनाउनेछ" भन्ने शब्दहरू थपिएका छन् ।

(२) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः–

"(ग) "दैवी प्रकोप उद्धार कार्य" भन्नाले दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने क्षेत्रमा दैवी प्रकोपको नियन्त्रण र रोकथाम तथा तत्सम्बन्धी पूर्व तयारी र दैवी प्रकोपबाट जनतालाई परेको पीरमर्का तथा असुविधा हटाउनको लागि दैवी प्रकोपबाट पीडित जनताको पुनर्स्थापना तथा दैवी प्रकोपबाट असर परेको क्षेत्रको पुनर्निर्माण गर्ने कार्य लगायत दैवी प्रकोपबाट सर्वसाधारण जनताको जीउ तथा सार्वजनिक सम्पत्तिको सुरक्षाको लागि गरिने जुनसुकै उद्धार कार्य सम्झनुपर्छ ।"

(३) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः–

"(घ) "केन्द्रीय समिति" भन्नाले दफा ५ बमोजिम गठित केन्द्रीय दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ ।"

(४) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः–

"(घ१) "क्षेत्रीय समिति" भन्नाले दफा ७ बमोजिम गठित क्षेत्रीय दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) खण्ड (ङ) र (च)को सट्टा देहायको खण्ड (ङ) र (च) राखिएका छन्:–

"(ङ) "अञ्चल समिति" भन्नाले दफा ७ बमोजिम गठित अञ्चल दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ ।

(च) "जिल्ला समिति" भन्नाले दफा ७ बमोजिम गठित जिल्ला दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ ।"

(६) खण्ड (च) पछि देहायको खण्ड (छ) थपिएको छ:–

"(छ) "इलाका समिति" भन्नाले दफा ७ बमोजिम गठित इलाका दैवी प्रकोप उद्धार समिति सम्झनुपर्छ ।"

३. मूल ऐनको दफा ३ मा संशोधन: मूल ऐनको दफा ३ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ:–

"(१) श्री ५ को सरकारले आवश्यक देखेमा दैवी प्रकोपबाट असर परेको वा पर्न सक्ने क्षेत्रको सीमाना तोकी नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अवधिको लागि सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न सक्नेछ ।"

४. मूल ऐनमा दफा ४क. थप: मूल ऐनको दफा ४ पछि देहायको दफा ४क. थपिएको छ:–

"४क. विदेशीको प्रवेशमा नियन्त्रण: दैवी प्रकोपबाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले कुनै प्रयोजनको लागि प्रवेश गर्न श्री ५ को सरकारको स्वीकृति लिनु पर्ने गरी श्री ५ को सरकारले आदेश जारी गर्न सक्नेछ ।"

५. मूल ऐनको दफा ५ मा संशोधन: मूल ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ:–

"५. केन्द्रीय दैवी प्रकोप उद्धार समितिको गठन: (१) दैवी प्रकोप उद्धार कार्य सम्बन्धी नीतिको तर्जुमा गर्न, कार्यक्रम बनाउन र कार्यान्वयन गर्ने तथा तत्सम्बन्धी अन्य आवश्यक काम कारवाही गर्न गराउनका लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी केन्द्रीय दैवी प्रकोप उद्धार समिति गठन गर्न सक्नेछ । केन्द्रीय दैवी प्रकोप उद्धार समितिको कार्यविधि तथा सदस्यहरूको कार्यावधि सोही सूचनामा तोके-बमोजिम हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

262

(२) उपदफा (१) बमोजिम गठन हुने केन्द्रीय दैवी प्रकोप उद्धार समितिमा देहायबमोजिमका सदस्यहरू रहनेछन् र ती सदस्यहरू-मध्ये श्री ५ को सरकारले तोकेको सदस्य समितिको अध्यक्ष हुनेछः—

(क) गृह मन्त्री — सदस्य
(ख) अर्थ मन्त्री — सदस्य
(ग) आपूर्ति मन्त्री — सदस्य
(घ) आवास तथा भौतिक योजना मन्त्री — सदस्य
(ङ) परराष्ट्र मन्त्री — सदस्य
(च) रक्षा मन्त्री — सदस्य
(छ) सञ्चार मन्त्री — सदस्य
(ज) स्वास्थ्य मन्त्री — सदस्य
(झ) निर्माण तथा यातायात मन्त्री — सदस्य
(ञ) पञ्चायत तथा स्थानीय विकास मन्त्री — सदस्य
(ट) राष्ट्रिय पञ्चायतका समितिहरूका सभापतिहरू ६ जना — सदस्य
(ठ) पञ्चायतका वर्गीय सङ्गठनहरूका केन्द्रीय कार्य समितिहरूका सभापतिहरू ६ जना — सदस्य
(ड) सदस्य, पञ्चायत नीति तथा जाँचबुझ समिति — सदस्य
(ढ) सचिव, रक्षा मन्त्रालय — सदस्य
(ण) सचिव, स्वास्थ्य मन्त्रालय — सदस्य
(त) सचिव, निर्माण तथा यातायात मन्त्रालय — सदस्य
(थ) उपरथी, शाही नेपाली जङ्गी अड्डा — सदस्य
(द) प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी प्रधान कार्यालय — सदस्य
(ध) उप-प्रमुख अधिकृत, नेपाल जनसम्पर्क प्रधान कार्यालय — सदस्य
(न) प्रतिनिधि, सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद् — सदस्य
(प) प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी — सदस्य
(फ) प्रतिनिधि, नेपाल स्काउट — सदस्य
(ब) परोपकार तथा सामाजिक संस्थाबाट श्री ५ को सरकारद्वारा मनोनीत व्यक्तिहरू तीनजना — सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
२६९

(भ) श्री ५ को सरकारद्वारा मनोनीत अन्य व्यक्तिहरू पाँचजना — सदस्य

(म) सचिव, गृह मन्त्रालय — सदस्य-सचिव

(३) केन्द्रीय समितिको बैठकमा दैवी प्रकोपबाट प्रभावित जिल्लाको प्रतिनिधित्व हुने गरी सम्बन्धित जिल्लाबाट एकजना व्यक्ति श्री ५ को सरकारले पर्यवेक्षकको रूपमा उपस्थित हुन बोलाउनु पर्नेछ ।

(४) केन्द्रीय समितिको आन्तरिक कार्यविधि केन्द्रीय समिति आफैंले व्यवस्थित गर्न सक्नेछ ।"

६. मूल ऐनको दफा ६ मा संशोधनः मूल ऐनको दफा ६ को,–

(१) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः–

"(ख) दैवी प्रकोपको नियन्त्रण, रोकथाम र तत्सम्बन्धी पूर्व तयारी र दैवी प्रकोपबाट पीडित जनताको पुनर्स्थापना तथा दैवी प्रकोपबाट असर परेको क्षेत्रको पुनर्निर्माण आदि उद्धार कार्य सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा गर्न तथा सो नीति अनुसारको कार्यक्रम बनाई श्री ५ को सरकार समक्ष पेश गर्ने,"

(२) खण्ड (ङ) को शुरूमा रहेका "सङ्कटग्रस्त क्षेत्रमा" भन्ने शब्दहरू झिकिएका छन् ।

(३) खण्ड (ज) को शुरूमा रहेका "सङ्कटग्रस्त क्षेत्रमा" भन्ने शब्दहरू झिकिएका छन् ।

७. मूल ऐनको दफा ७ मा संशोधनः मूल ऐनको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः–

"७. अन्य दैवी प्रकोप उद्धार समितिहरूको गठनः दैवी प्रकोप उद्धार कार्य गर्न गराउनको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकतानुसार क्षेत्रीय दैवी प्रकोप उद्धार समिति, अञ्चल दैवी प्रकोप उद्धार समिति, जिल्ला दैवी प्रकोप उद्धार समिति तथा इलाका दैवी प्रकोप उद्धार समिति गठन गर्न सक्नेछ । त्यस्ता समितिहरूको कार्यविधि र सदस्यहरूको कार्यावधि सोही सूचनामा तोकिएबमोजिम हुनेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ४६०

८. मूल ऐनमा दफा ७क. थपः मूल ऐनको दफा ७ पछि देहायको दफा ७क. थपिएको छः–

"७क. क्षेत्रीय समितिको काम र कर्तव्यः क्षेत्रीय समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) दैवी प्रकोप उद्धार कार्य सम्बन्धी क्षेत्रीय स्तरको नीति तर्जुमा गर्ने तथा तत्सम्बन्धी कार्यक्रम बनाउने सम्बन्धमा केन्द्रीय दैवी प्रकोप उद्धार समितिलाई आवश्यक सुझाव दिने,

(ख) दैवी प्रकोप उद्धार कार्यहरूका सम्बन्धमा अञ्चल समितिहरू बीच समन्वय गर्ने गराउने,

(ग) दैवी प्रकोप उद्धार कार्यहरूको सम्बन्धमा केन्द्रीय समितिलाई समय समयमा जानकारी दिने,

(घ) केन्द्रीय समितिको निर्देशन अनुसार कार्यहरू गर्ने ।"

९. मूल ऐनको दफा ८ मा संशोधनः मूल ऐनको दफा ८ को,–

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः–

"(क१) दैवी प्रकोप उद्धार कार्य सम्बन्धी अञ्चलस्तरीय योजना तर्जुमा गरी त्यस्तो योजना क्षेत्रीय समितिमा पेश गर्ने,"

(२) खण्ड (ग) र (घ)को सट्टा देहायको खण्ड (ग) र (घ) राखिएका छन्ः–

"(ग) दैवी प्रकोप उद्धार कार्यहरूको सम्बन्धमा क्षेत्रीय समितिलाई समय समयमा जानकारी दिने,

(घ) केन्द्रीय समिति र क्षेत्रीय समितिको निर्देशन अनुसार कार्यहरू गर्ने ।"

१०. मूल ऐनको दफा ९ मा संशोधनः मूल ऐनको दफा ९ को सट्टा देहायको दफा ९ राखिएको छः–

"९. जिल्ला समितिको काम र कर्तव्यः (१) जिल्ला समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) दैवी प्रकोप उद्धार कार्यहरूको सम्बन्धमा इलाका समितिहरू बीच समन्वय गर्ने गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) दैवी प्रकोप उद्धार कार्यसम्बन्धी जिल्ला स्तरीय योजना तर्जुमा गरी त्यस्तो योजना अञ्चल समितिमा पेश गर्ने,

(ग) इलाका समितिहरूबाट भए गरेको दैवी प्रकोप उद्धार कार्यहरूको रेखदेख गर्ने र भइरहेको दैवी प्रकोप उद्धार कार्यमा टेवा पुऱ्याउने,

(घ) दैवी प्रकोप उद्धार कार्यको सम्बन्धमा अञ्चल समितिलाई समय समयमा जानकारी दिने,

(ङ) केन्द्रीय समिति, क्षेत्रीय समिति र अञ्चल समितिको निर्देशन अनुसार कार्यहरू गर्ने ।

(२) उपदफा (१) बमोजिम गर्नु पर्ने सबै कार्यहरू जिल्ला समितिकै निर्णयबाट हुनु पर्नेछ ।"

११. मूल ऐनमा दफा ९क. थपः मूल ऐनको दफा ९ पछि देहायको दफा ९क. थपिएको छः–

"९क. इलाका समितिको काम र कर्तव्यः इलाका समितिको काम र कर्तव्य देहायबमोजिम हुनेछः–

(क) केन्द्रीय समिति, क्षेत्रीय समिति, अञ्चल समिति र जिल्ला समितिको मार्गदर्शनको अधीनमा रही दैवी प्रकोप उद्धार कार्य गर्ने,

(ख) दैवी प्रकोपद्वारा पीडित व्यक्तिहरूलाई आवश्यक पर्ने खाद्यान्न, लत्ता कपडा, आवास, औषधी र निर्माण सामग्री आदिको न्यूनतम परिमाणको जानकारी जिल्ला समितिलाई दिने,

(ग) श्री ५ को सरकार, कुनै दैवी प्रकोप उद्धार समिति र जनताबाट प्राप्त नगद रकम, खाद्यान्न, लत्ता कपडा, औषधी तथा निर्माण सामग्री आदि दैवी प्रकोपद्वारा पीडित व्यक्तिहरूलाई वितरण गर्ने तथा दैवी प्रकोप उद्धार कार्यसम्बन्धी अन्य कार्यक्रम समेतको लागि प्रयोग गर्ने,

(घ) दैवी प्रकोपबाट घरबार बिहीन भएका व्यक्तिहरूलाई धर्मशाला, गौशाला, शिक्षण संस्था, सार्वजनिक स्थान, छाप्रो वा अन्य यस्तै स्थानमा बसोबासको व्यवस्था मिलाउने,

(ङ) दैवी प्रकोप उद्धार कार्यका लागि आवश्यकतानुसार स्वयं सेवकहरूको व्यवस्था गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(च) दैवी प्रकोप उद्धार कार्यका लागि आवश्यकतानुसार विभिन्न उपसमितिहरू गठन गर्ने,

(छ) दैवी प्रकोप उद्धार कार्यमा सहयोगको लागि खटी आएका सहयोगी टोलीहरूलाई दैवी प्रकोप उद्धार कार्यमा संलग्न गराउने,

(ज) दैवी प्रकोप उद्धार कार्यहरूको जानकारी समय समयमा जिल्ला समितिलाई दिने,

(झ) दैवी प्रकोप उद्धार कार्यको कार्यान्वयन सम्बन्धमा केन्द्रीय समितिले तोकेको अन्य कामहरू गर्ने,

(ञ) दैवी प्रकोप उद्धार कार्य समाप्त भएपछि बाँकी रहन आएको माल सामान र नगद तथा तत्सम्बन्धी हिसाब किताब श्री ५ को सरकारले तोकेको कार्यालयमा बुझाउने ।"

१२. मूल ऐनको दफा १० मा संशोधन मूल ऐनको दफा १० मा रहेका "उद्धार समितिले" भन्ने शब्दहरूको सट्टा "दैवी प्रकोप उद्धार समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

१३. मूल ऐनको दफा ११ मा संशोधनः मूल ऐनको दफा ११ मा रहेका "उद्धार समितिले" भन्ने शब्दहरूको सट्टा "दैवी प्रकोप उद्धार समितिले" भन्ने शब्दहरू राखिएका छन् ।

१४. मूल ऐनको दफा १२ मा संशोधनः मूल ऐनको दफा १२ मा रहेका "केन्द्रीय समिति, अञ्चल समिति तथा जिल्ला समिति" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति, क्षेत्रीय समिति, अञ्चल समिति, जिल्ला समिति तथा इलाका समिति" भन्ने शब्दहरू राखिएका छन् ।

१५. मूल ऐनको दफा १३ मा संशोधनः मूल ऐनको दफा १३ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) दैवी प्रकोप सहायता कोष निम्न नामबाट खडा हुन सक्नेछः–

(क) दैवी प्रकोप केन्द्रीय सहायता कोष,

(ख) दैवी प्रकोप क्षेत्रीय सहायता कोष,

(ग) दैवी प्रकोप अञ्चल सहायता कोष,

(घ) दैवी प्रकोप जिल्ला सहायता कोष,

(ङ) दैवी प्रकोप इलाका सहायता कोष ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः–

"(३) दैवी प्रकोप क्षेत्रीय सहायता कोष, दैवी प्रकोप अञ्चल सहायता कोष, दैवी प्रकोप जिल्ला सहायता कोष र दैवी प्रकोप इलाका सहायता कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) श्री ५ को सरकारले प्रदान गरेको रकम,

(ख) दैवी प्रकोप केन्द्रीय सहायता कोषबाट प्राप्त रकम,

(ग) अन्य स्रोतबाट प्राप्त रकम ।"

१६. मूल ऐनको दफा १४ मा संशोधनः मूल ऐनको दफा १४ को,–

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः–

"(१) केन्द्रीय समिति, क्षेत्रीय समिति, अञ्चल समिति, जिल्ला समिति र इलाका समितिले प्राप्त गरेको र खर्च गरेको मालसामान वा वस्तु तथा नगद रकमको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ र त्यस्तो आम्दानी र खर्चको विवरण प्रत्येक दुई महीनामा सर्वसाधारणको जानकारीको लागि प्रकाशित गर्नु पर्नेछ ।"

(२) उपदफा (२) मा रहेका "केन्द्रीय समिति, अञ्चल समिति र जिल्ला समिति" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति, क्षेत्रीय समिति, अञ्चल समिति, जिल्ला समिति र इलाका समिति" भन्ने शब्दहरू राखिएका छन् ।

१७. मूल ऐनको दफा १९ मा संशोधनः मूल ऐनको दफा १९ मा रहेका "केन्द्रीय, अञ्चल तथा जिल्ला समिति" भन्ने शब्दहरूको सट्टा "केन्द्रीय समिति, क्षेत्रीय समिति, अञ्चल समिति, जिल्ला समिति र इलाका समिति" भन्ने शब्दहरू राखिएका छन् ।

१८. रूपान्तरः मूल ऐनको ठाउँ ठाउँमा प्रयोग भएका "उद्धार कार्य" भन्ने शब्दहरूको सट्टा "दैवी प्रकोप उद्धार कार्य" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,

ईश्वरबहादुर श्रेष्ठ

श्री ५ को सरकारको सचिव

लालमोहर सदर मितिः– २०४६।७।११।६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८९